# लोक सेवा आयोगका सूचनाहरु

## केन्द्रीय कार्यालय

### सूचना तथा प्रकाशन शाखा

## नेपाल स्वास्थ्य सेवा, जनरल नर्सिङ्ग समूहको स्टाफ नर्स पदमा पदपूर्तिका लागि विशेष विज्ञापन

**सूचना नं. ७२०/०७८-७९** **प्रकाशन मितिः २०७८/१२/०२**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/११/१६ को निर्णयबाट "नेपाल स्वास्थ्य सेवा, जनरल नर्सिङ्ग समूह, पाँचौ तह, स्टाफ नर्स पदको ३०० (तीन सय) दरबन्दी **तत्काल पदपूर्ति गर्न अनुरोध भई आएकोले** लोक सेवा आयोगको मिति २०७८/१२/०१ को निर्णय अनुसार उक्त पदमा खुला र समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्न देहायको संख्यामा विज्ञापन प्रकाशन गरिएको छ। मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.psc.gov.np मार्फत् आवेदन दिनुपर्नेछ।

लोक सेवा आयोग, काठमाडौं कार्यालय

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, तह | किसिम | पद संख्या |
|---|---|---|---|---|
| १. | १२०६१/०७८-७९ | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ, पाँचौ तह | खुला | १६५(एकसय पैंसट्ठी) |
| २. | १२०६२/०७८-७९ | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ, पाँचौ तह | महिला | ४५(पैंतालिस) |
| ३. | १२०६३/०७८-७९ | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ, पाँचौ तह | आदिवासी/जनजाति | ३६(छत्तिस) |
| ४. | १२०६४/०७८-७९ | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ, पाँचौ तह | मधेसी | २९(उनन्तीस) |
| ५. | १२०६५/०७८-७९ | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ, पाँचौ तह | दलित | १३(तेह्र) |
| ६. | १२०६६/०७८-७९ | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ, पाँचौ तह | अपाङ्ग | ७(सात) |
| ७. | १२०६७/०७८-७९ | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ, पाँचौ तह | पि.क्षे. | ५(पाँच) |

**उम्मेदवारहरुका लागि विशेष सूचना**

१. तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.psc.gov.np मार्फत् २०७८/१२/२२ र दोब्बर दस्तुर तिरी २०७८/१२/२९ सम्म आवेदन दिनुपर्नेछ।

२. दरखास्त दस्तुर रु. ४००।- (चार सय) बुझाउनु पर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु. २००।- (दुई सय) थप दस्तुर बुझाउनु पर्नेछ।

३. उम्मेदवार मिति २०७८/१२/२२ सम्म १८ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको हुनु पर्नेछ। बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

४. अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर रकम Connect IPS प्रणाली वा बैंक मार्फत अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

५. उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

६. अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

७. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन हुनुपूर्व पाँचौ तह वा सो सरहको पदमा कार्यरत निजामती कर्मचारी यस विज्ञापनमा उम्मेदवार हुन पाउने छैनन्।

८. लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

९. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सोही अवधि भित्र सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।
*तर नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरुको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्ट्याई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पुरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ। आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका समावेशी समूहमा आवेदन गर्ने उम्मेदवारहरुले आयोगको मिति २०७८/१०/२६ मा प्रकाशित रा.प.अनं. प्रथम श्रेणी प्राविधिक तथा स्वास्थ्य सेवाका पाँचौ तहका पदहरुको विज्ञापनमा उल्लेख भए बमोजिमको प्रमाणित कागजातहरु तयार गरी दरखास्त दिनु पर्नेछ।*

१०. उम्मेदवारले पेश गर्नुपर्ने कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

११. मिति २०७८/१०/२६ मा आयोगबाट प्रकाशित स्वास्थ्य सेवा, जनरल नर्सिङ्ग समूह, पाँचौं तह, स्टाफ नर्स पदको नियमित विज्ञापनको परीक्षा संगै हुने गरी परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ। परीक्षा केन्द्र लोक सेवा आयोग, काठमाडौं कार्यालयले प्रकाशन गरे बमोजिम हुनेछ।

१२. पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिने छ।